# लोमन्थाङ राजपत्र

## लोमन्थाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : (९) लोमन्थाङ, मुस्ताङ, बैशाख २५ गते, २०८२ साल (संख्या :१)


# भाग-२

## विपन्न नागरीकलाई च्याङग्रा वितरण कार्यक्रम संचालन कार्यविधि २०८२

**प्रस्तावनाः**

लोमन्थाङ गाउँपालिका क्षेत्रभित्र पशुपन्छी उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानिय तहमा पशु विकाश कार्यक्रमको कार्यान्वयनलाई व्यवस्थित,पारदर्शी तथा प्रभावकारी बनाउन र विनियोजिन बजेटको दिगो कार्यान्वयनको लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी तर्जुमा गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नामः विपन्न नागरिक लाई च्याङग्रा वितरण कार्यविधी २०८२ रहेको छ ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “कार्यविधी” भन्नाले विपन्न नागरिकलाई च्याङग्रा वितरण कार्यविधि २०८२ सम्झनु पर्छ।

(ख) “कार्यक्रम” भन्नाले विपन्न नागरिकलाई च्याङग्रा वितरण कार्यक्रम २०८२ सम्झनु पर्छ।

लोमन्थाङ गाउँपालिका

(ग) “कार्ययोजना” भन्नाले विपन्न नागरिकहरुको आयआर्जन बृद्धि गर्नु साथै मासु उत्पादन बढाउनु र व्यवसायिक रुपमा पशु पालन गर्न तयार गरिएको कार्ययोजना सम्झिनु पर्छ ।

(घ) “कार्यालय” भन्नाले लोमन्थाङ गाउँपालिका गाउँ कार्यपालिकाको सम्झनु पर्छ ।

(ङ) “शाखा” भन्नाले लोमन्थाङ गाउँपालिका पशु सेवा शाखा सम्झनु पर्छ ।

(च) “वडा कार्यलय” भन्नाले लोमन्थाङ  गाउँपालिका मातहतका सबै ५ वटा वडाहरु सम्झनु पर्छ ।

(छ) “आवेदक” भन्नाले कार्यक्रम सञ्चालनको लागि आवेदन दिएका विपन्न नागरीक सम्झनु पर्छ ।

(ज) “साझेदार” भन्नाले कार्यक्रम सञ्चालन गर्न छनौट भएका  विपन्न नागरीकहरु लाई सम्झनु पर्छ।

**३. उद्धेश्यः** यस कार्यविधीको उद्धेश्य देहाय बमोजिम रहेको छः

(क) लोमन्थाङ गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विपन्न नागरीकहरु लाई माउ च्याङग्रा खरिद गरी नश्ल सुधार / उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

(ख) मासुको आयात न्यूनीकरण गर्ने,

(ग) च्याङग्रा पालन पेशालाई मर्यादित र व्यवसायिक बनाउने ।

(घ) विपन्न नागरिकहरुको आयस्रोतमा वृद्धि गर्ने ।

(ङ) पश्मिना उत्पादनमा वृद्रि गर्ने ।

लोमन्थाङ गाउँपालिका

## परिच्छेद- २
## समिति सम्बन्धी व्यवस्था

४. **आवेदन मूल्यांकन समितिः** विपन्न नागरिकहरुलाई च्याङग्रा वितरण कार्यक्रम सञ्चालन गर्न तथा कार्यक्रमलाई प्रभावकारी, पारदर्शी, व्यवस्थित र प्रतिफलमा आधारित बनाउनका लागि सुरुमा आवेदन छनौट गरी कार्यपालिकामा पेश गर्नको लागी देहायबमोजिमको मूल्यांकन समिति गठन हुनेछ।

| | |
|---|---|
| क. संयोजक | -आर्थिक विकास समितिको संयोजक |
| ख. सदस्य | -प्र.प्र.अ.वा निजले तोकेको एक अधिकृत |
| ग. सदस्य | -गाउँपालिका अध्यक्षले तोकेको एक जना गाउँ कार्यपालिका सदस्य |
| घ. सदस्य | -कृषि प्राविधिक |
| ङ. सदस्य सचिव | -पशु शाखा प्रमुख |

**४.१ मूल्यांकन समितिले निर्णय गर्दा लिईने आधारहरुः**

(क) *सामान्यता विपन्नता पहिचानका आधारहरु देहाय बमोजिम हुनेछः*

अ) आफ्नो नियमित आम्दानीले आफू र आफ्नो परिवारमा सन्तुलित भोजन ग्रहण गर्न नपुग्ने भएको।

आ) प्रकोप वा उपचारका कारणबाट सम्पत्ति सकिएको व्यक्ति वा परिवार भएको।

इ) हातमा सिप र क्षमता नभएको, बालबच्चालाई शिक्षा दिन नसक्ने परिवार भएको।

ई) परिवारको मासिक आम्दानी १५ देखि २० हजार सम्म भई १ देखि ५ जनाको परिवार भएको वा वार्षिक आम्दानी २,१०,०००।०० सम्म भएको परिवार।

उ) परिवारको मासिक आम्दानी २० देखि २५ हजार सम्म नियमित भएको र परिवार संख्या ५ भन्दा माथि भएको वा वार्षिक आम्दानी २,७०,०००।०० सम्म भएको परिवार।

(ख) वडा समितिले तयार गरेको विपन्न नागरीक सूचीको वैंठकको निर्णयको प्रतिलिपि।

(ग) सम्बन्धित वडा कार्यालयले प्रमाणीत गरेको विपन्न नागरिक प्रमाणीत सिफारिस पत्र।

(घ) आवेदकले पेश गरेको अनुसूची-२ बमोजिमको निवेदन र अनुसूची-३ प्रतिवद्धता पत्र।

## परिच्छेद- ३

## कार्यक्रम सञ्चालन प्रक्रिया

**५. सूचना प्रकाशनः** यस स्थानीय तहले कार्यक्रम संचालनको लागि १० दिने आवेदन आहवानको सूचना गाउँपालिकाको वेवसाइटमा र सामाजिक संजाल मार्फत प्रकाशन गरी माग संकलन गर्नुपर्नेछ।

**६. निवेदन पेश गर्नेः** कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु, अनुसूची -२ बमोजिमको आवेदन पत्र, अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र र सूचनामा माग बमोजिम आवश्यक कागजात पेश गर्नुपर्नेछ ।

**७. कार्यक्रम सञ्चालनः**

(१) यस कार्यक्रम लोमन्थाङ गाउँपालिका भित्र सञ्चालन हुनेछ ।

(२) गाउँ पालिका भित्रका सबै भन्दा कम बार्षिक आम्दानी भएका घर परिवार लाई यो कार्यक्रममा समिटिने छ ।

(३) यस कार्यक्रम पश्चात विपन्न नागरिकहरु आत्मनिर्भर भएको हुनेछन् ।

(४) विपन्न नागरीकहरु लाई  परिच्छेद (२) दफा ४.१  बमोजिम छनौट भएका विपन्न नागरीकलाई गाउँपालिकाले अनुदान उपलब्ध गराउने छ।

**८. अनुदान प्रतिशत र सीमाः-**

(१) कूल लागतको शत प्रतिशत अनुदान रकम कार्यालयले व्यहोर्ने छ ।

(२) विपन्न नागरीक लाई बढीमा ५ वटा सम्म माउ च्याङग्रा वितरण गरिने छ ।

**९. विपन्न नागरी छनौटः** लोमन्थाङ गाउँपालिकाले गर्नेछ र वडा समितिले सिफारिस गरेको सूची,विपन्न नागरीकहरुको सिफारिस गाउँ कार्यपालिकाले स्वीकृत गर्ने र उक्त सूचीमा समावेश विपन्न नागरिकहरु मात्र यस कार्यक्रममा समावेश हुनेछन् ।

**१०.सम्झौताः** छनौट भएका आवेदकहरुसंग गाउँपालिका कार्यालयले अनुसूची- ५ बमोजिमको सम्झौता गर्नेछ।

लोमन्थाङ गाउँपालिका

## परिच्छेद- ४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

**११. प्रशासनिक खर्च:** विनियोजित रकमको तीन प्रतिशत प्रशासनिक खर्च गरिनेछ।

**१२.** च्याङग्राको सामन्य स्वास्थ्य परिक्षण सम्बन्धमा:पशु सेवा शाखाका प्राविधिकहरुले माउ च्याङग्रा खरिद गर्नु भन्दा अगाडी अनुसूची ४ बमोजिम सामान्य स्वास्थ्य परिक्षण गरि सबै भन्दा बढी अंक प्राप्त गर्ने माउ च्याङग्राहरु छनौंट गर्नु पर्ने छ ।

**१३.** विपन्न नागरीकलाई वितरण गर्ने च्याङग्राका पाठा पाठी खरिद कार्य सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम खरिद प्रक्रिया कार्यालयले गर्ने छ ।

**१४.** यस कार्यक्रमको लेखा परीक्षण तथा आर्थिक कारोवार सम्वन्धी अन्य व्यवस्था प्रचलित ऐन नियम अनुसार हुनेछ ।

## परिच्छेद-५
## विविध

**१५. अनुगमन तथा मूल्यांकनः** पशु सेवा शाखाले आवश्यकता अनुसार अनुगमन र मूल्यांकन समितिले सूचनामा माग भए बमोजिमका कागजात पेश गरेको आधारमा मूल्यांकन गर्नुपर्नेछ ।

**१६. कारवाहीको व्यावस्थाः** सम्झौता अनुरुप काम नगर्ने विपन्न नागरीकहरु लाई कार्यालयले अनुदान रोक्का गर्नेछ। साझेदारले झुट्टा विवरण पेश गरेको तथा सम्झौता बमोजिम अनुदान लिई दुरुपयोग गरेको पाइएमा प्राप्त अनुदान रकम प्रचलित नियमानुसार असूल उपर गरिनेछ तथा प्रचलित कानून बमोजिम कारवाही समेत गरिनेछ र अन्य कार्यक्रममा समावेश गरिने छैन ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानून सँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

**१८. संशोधनः** यस कार्यविधिको कार्यन्वायनमा कुनै बाधा अड्चन परेमा वा संशोधन गर्न आवश्यक परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**अनुसूची-१**
**(परिच्छेद -३ को दफा ५ संग सम्बन्धित)**
**आवेदन आव्हानको सुचना**
**प्रथम पटक प्रकाशन मितिः..........................**

यस कार्यालयको आ.व.........को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विपन्न नागरिकहरु लाई च्याङग्रा वितरण कार्यक्रम संचालन कार्यविधि,२०८१"बमोजिम विपन्न नागरिक च्याङग्रा वितरण कार्यक्रम संचालन गर्न इच्छुक विपन्न नागरिकहरुले यो सुचना प्रकाशित भएको मतिले.....औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नहुन आव्हान गरिन्छ । साथै रीत नपुगी वा म्याद नाघि प्राप्त आवेदनहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**आवेदन पत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु**

१. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
२. वडा समितिले तयार गरेको विपन्न नागरीक सूचीको वैंठकको निर्णयको प्रतिलिपि ।
३. वडा कार्यालय बाट प्रमाणित गरिएको विपन्न नागरीक सिफारिस पत्र ।

लोमन्थाङ गाउँपालिका

**अनुसूची- २**

**आवेदन पत्र**

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत,
लोमन्थाङ गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय
लोमन्थाङ , मुस्ताङ ।

**विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे ।**

महोदय,

प्रस्तुत विषयमा मिति…………………..गते प्रकाशित सूचना अनुसार दरखास्त माग भए बमोजिम विपन्न नागरिकहरुलाई च्याङग्रा वितरण कार्यक्रममा सहभागी हुन चाहना भएकाले सूचनामा खुलाईएको तपशिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गरेको छु/छौं । अनुदान सहयोग प्राप्त भएमा सर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्याहोरा जानकारीको लागि अनुरोध छ।

तपसिल

१. अनुसूची-२ बमोजिमको आवेदन पत्र, अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र ।

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।

३. विपन्न नागरिकको पहिचान खुलाईएको वडा सिफारिस ।

४.विपन्न नागरिक कृषक समूह हकमा बैठक निर्णय प्रतिलिपि ।

निवेदकको
दस्तखतः
नामः
ठेगानाः
मोवाईल नं. :

लोमन्थाङ गाउँपालिका

## अनुसूची- ३

## प्रतिबद्धता पत्र

लोमन्थाङ गाउँपालिकाको आ.व–…………मिति………………………..गते प्रकाशित सूचना अनुसार……………………………………………कार्यक्रम सञ्चालनमा सहभागिताको लागि इच्छुक भई सोको निवेदन सहित यो प्रतिबद्धता पेश गरेको छु । उक्त कार्यक्रममा छनौंट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु । कार्ययोजना अनुसारको कार्य नगरेमा लोमन्थाङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला।

**साझेदारको तर्फबाट**

दस्तखतः

नामः

ठेगानाः

सम्पर्क नं.:

मितिः

**औंठा छाप**

| | |
|---|---|
| | |
| दायाँ | बायाँ |

लोमन्थाङ गाउँपालिका

## अनुसूची-४

## सामन्य स्वास्थ्य परिक्षण

| क्र.स. | विवरण | निरोगी च्याङग्राका माउमा हुनुपर्ने गुणहरु | अंकभार | प्राप्त अंकभार |
|---|---|---|---|---|
| १ | पशुको रुप/चाल | राम्रो,सतर्क, फुर्तिलो | १० | |
| २ | टाउको | उठेको वा ठाडो हुनुपर्ने | १० | |
| ३ | आँखा | पुरा खुलेको,चम्किला हुनुपर्ने | १० | |
| ४ | नाक/मुख | सामान्य | १० | |
| ५ | छाला | नरम/सामान्य | १० | |
| ६ | कान | ठाडो/सामान्य | १० | |
| ७ | थुतुनो | ओसिलो | १० | |
| ८ | दाना पानीको रुचि | सामान्य | १० | |
| ९ | नाडीको गति | सामान्य (४०-६०) प्रति मिनेट | १० | |
| १० | शरिरको तापक्रम | सामान्य (१०२ फरेनहाइट) | १० | |

लोमन्थाङ गाउँपालिका

# अनुसूची-५
## सम्झौता-पत्र

आ.व.........................मा सञ्चालन हुने विपन्न नागरिकहरु लाई च्याङग्रा वितरण कार्यक्रमको लागि लोमन्थाङ गाउँपालिकाको कार्यालय लोमन्थाङ, मुस्ताङ (यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका विपन्न नागरिक, कृषक,समूह,..................................( यस पछि दोस्रो पक्ष भनिने) विच तपशिलका शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न सम्झौता भएको छ।

१. प्रथम पक्षले दोश्रो पक्षलाई च्याङग्रा वितरण कार्यक्रमका लागि सम्झौता बमोजिमको माउ च्याङग्रा विपन्न नागरिकहरु लाई उपलब्ध गराईनेछ ।

२. दोश्रो पक्षले प्रथम पक्षवाट आवश्यक प्राविधिक जानकारी प्राप्त गर्न सक्नेछन्।

३. दोश्रो पक्षले अनुदानको सदुपयोग गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयमं हुनेछ ।

५. अनुदानका माउ च्याङग्रा लिई सकेपछि कम्तीमा ३ वर्षसम्म च्याङग्राको संख्या घटाउन पाईने छैन।

६. दोस्रो पक्षले अनुदान उपलब्ध गरिसके पछि माउ च्याङग्राहरु लाई बिक्रि वितरण गर्ने पाइने छैन यदि कसैले बिक्रि वितरण गरेमा परिच्छेद-५ को दफा १६ बमोजिम कानूनी कारवाही गरिने छ।

७. दोस्रो पक्षले अनुदान बाट प्राप्त गरेका च्याङग्रा बिरामी वा मूत्यु भएमा पशु सेवा शाखा लाई जानकारी गराउनु पर्नेछ।यदि जानकारी नगरेको अवस्थामा परिच्छे-५ को दफा १६ बमोजिम कानूनी कारवाही गरिनेछ।

८. प्रथम पक्षले दोस्रो पक्षको समय समयमा छड्के अनुगमन गर्न सक्नेछ।

९. यो सम्झौता मिति......................देखि.........................सम्मको लागि मात्र हुनेछ।

१०. यस सम्झौतामा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

**प्रथम पक्षको तर्फबाट**
**नामः**
**पद**
**दस्तखतः**
**कार्यालयको छाप**

**दोस्रो पक्षको तर्फबाट**
**नामः**
**पदः**
**दस्तखतः**
**समूहको छापः**

**रोहबर**

१.

२.

इति सम्वत् .............................साल.................... महिना ......................गते

**आज्ञाले**
**बिकाश के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**